# स्थानीय राजपत्र


**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ९) घ्याङलेख, असार ३२ गते, २०८२ साल (अतिरिक्ताङ्क ०१


## भाग १

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

## सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८२ साल ऐन नं. ०१**

# घ्याङलेख गाउँपालिकाको अर्थिक ऐन, २०८२

**प्रस्तावनाः** घ्याङलेख गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनको निमित्त स्थानीय कर, दस्तुर, शुल्क, जरिवाना समेत सङ्कलनको प्रशासनिक गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ बमोजिम घ्याङलेख गाउँपालिकाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"घ्याङलेख गाउँपालिकाको आर्थिक ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि घ्याङलेख गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची-१ बमोजिम घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई असूल उपर गरिनेछ ।

३. **भूमिकर :** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भूमि कर (मालपोत) घर र घरले चर्चेको जग्गा भन्दा बाहेकको जग्गामा भूमिकर लगाई असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा लगाइ हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची-३ बमोजिम बहाल कर लगाई असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संङ्घसंस्था वा निकायलाई वार्षिक रुपमा अनुसूचि-४ बमोजिम व्यवसाय कर लगाई असूल उपर गरिनेछ ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-५

बमोजिमको कर लगाई असुल उपर गरिनेछ । तर, प्रचलित कानूनकोले निषेध गरिएको हकमा भने उल्लिखित व्यवस्था लागु हुने छैन ।

७. **सवारी साधन कर:** प्रदेश सरकारको आर्थिक ऐनले तोके अनुसार अनुसूची-६ बाँडफाँटबाट घ्याङलेख गाउँपालिकाला बमोजिमई प्राप्त हुने सवारी साधन करको आम्दी बाधिने छ ।

८. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिमको दरमा विज्ञापन कर लगाइ असूल उपर गरिनेछ

९. **मनोरन्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिइ सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा अनुसूची-८ बमोजिम मनोरञ्जन कर लगाई असुल उपरगरिने छ ।

१०. **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चलन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाट बजार वा पसल वा विशेष मेला पर्वमा अनुसूची-९ मा व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-१० बमोजिम सवारी पार्किङ शुल्क लगाई असूल उपर गरिनेछ। साथै पार्किङ व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले घ्याङलेख गाउँपालिकाबाट पूर्व अनुमती लिएको हुनुपर्ने छ ।

१२. **ट्रेकिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची-११ बमोजिमको शुल्क लगाई असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए बमोजिम शुल्क लगाई असूल उपर गरिनेछ ।

१४. **पटके जरिवाना :** घ्याङलेख गाउँपालिका क्षेत्रभित्र निषेध गरिएको व्यापार व्यवसाय गर्ने वा फोहोरमैला जथाभावि फालेमा अनुसूची-१३ बमोजिम जरिवाना गरिने छ ।

१५. **कर छुट/जरिवाना :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूची-१४ बमोजिम लागु हुनेछ ।

१६. **घर नक्सा पास दस्तुर :** घ्याङलेख गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भौतिक संरचनाको निर्माण गर्दा गाउँपालिकाले तोके बमोजिम अनुसूची-१५ बमोजिम लागु हुनेछ ।

१७. **कृषि तथा पशु सेवा दस्तुर :** घ्याङलेख गाउँपालिकाको कृषि तथा पशु स्वास्थ्य सेवा प्रदान गर्दा लाग्ने दस्तुर अनुसूची-१६ बमोजिम लागु हुनेछ ।

१८. **घरजग्गा रजिष्ट्रेशन शुल्क :** घ्याङलेख गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अनेय सम्पत्तिहरुको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश सरकारले तोके बमोजिम हुने छ ।

१९. **विभाज्य कोषसम्बन्धी व्यवस्था :** घ्याङलेख गाउँपालिकाले बागमती प्रदेश आर्थिक ऐन बमोजिम सङ्कलन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रकृतिका राजश्वहरु यस कोषमा जम्मा गरी तोकिए बमोजिम बाँडफाँट गरिने छ ।

२०. **अन्य व्यवस्था :** (१) घ्याङलेख गाउँपालिकाको शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवाप्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्ने छ ।

२) घ्याङलेख गाउँपालिका क्षेत्रभित्र भवन निर्माण गर्न नक्सा दस्तुर पेश गरी नक्सा पास वापत तोकिएको दस्तुर बुझाएकोमा कुनै कारणले नक्सा पास हुन नसकी सेवा प्राप्त नगरेको अवस्थामा दस्तुर बुझाएको मितिले एक वर्ष भित्र दस्तुर फिर्ता माग गर्न आएमा दस्तुर बुझाएको रकमको पन्ध्र प्रतिशत कट्टा गरी नक्सा दरखास्तवालालाई बाँकी रकम घ्याङलेख गाउँपालिकाले फिर्ता गर्न सक्ने छ ।

२१. **यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनुअघि भए/गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२२. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी कर तथा शुल्क सङ्कलन सम्बन्धमा घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२३. **बाधा अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आई परेमा घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार हुनेछ ।

घ्याङलेख गाउँपालिका

**तपसिल**

**अनुसूचि -१**

**सम्पत्ति कर**

**आर्थिक वर्ष ०८२/०८३ को लागि सम्पत्ति मुल्याङ्कनका लागि जग्गाको मूल्याङ्कन दर रेटको सूची**

**मालपोत कार्यालय सिन्धुलीले तोके बमोजिम**

**आर्थिक वर्ष ०८२/०८३ को लागि संरचना मूल्याङ्कन दर रेटको सूची**

| क्र.स. | समुह | दर प्रति वर्ग फिट रु. |
|---|---|---|
| १ | सबै प्रकारका आर सि.सि.घर पक्का जोडाई छत ढलान | ७००\|०० |
| २ | सबै प्रकारका पक्की, ईटा जोडाई सिमेन्टि वा टायल | ३००\|०० |
| ३ | माटोको जोडाई, सेन्टर बेराको घर, काठको घर, टिन टायल छाना | १३०\|०० |
| ४ | ढुङ्गा वा ईटाको पर्खाल, आदि | १३०\|०० |
| ५ | कच्ची घर माथिका प्रकरणमा नपरेका फुसको घरहरु प्रतिघर एकमुष्ट | ५०००००\|– |

**(सम्पत्ति करको लागि निर्धारण कर तालिका)**

| क्र.स. | रु. देखि | रु सम्म | कर निर्धारण रु. |
|---|---|---|---|
| १ | ०१ | ५००,००० | ५० |
| २ | ०१ | १०,००,००० | १०० |
| ३ | ०१ | २०,००,००० | १५० |
| ४ | ०१ | ३०,००,००० | २०० |
| ५ | ०१ | ४०,००,००० | २५० |
| ६ | ०१ | ६०,००,००० | ३०० |
| ७ | ०१ | ९०,००,००० | ४०० |
| ८ | ०१ | १,४०,००,००० | ५०० |
| ९ | ०१ | १,८०,००,००० | ६०० |

| क्र.स. | रु. देखि | रु सम्म | कर निर्धारण रु. |
|---|---|---|---|
| १० | ०१ | २,२०,००,००० | ७०० |
| ११ | ०१ | २,६०,००,००० | ८०० |
| १२ | ०१ | ३,००,००,००० | ९०० |
| १३ | ०१ | ४,००,००,००० | ११०० |
| १४ | ०१ | ६,००,००,००० | १५०० |
| १५ | ०१ | ८,००,००,००० | १८०० |
| १६ | ०१ | १०,००,००,००० | २००० |
| १७ | ०१ | १०,००,००,००१ माथि | २७०० |

**संरचनाको ह्रास कट्टी दर**

| संरचनाको किसिम/संरचनाको आयु | वार्षिक ह्रास प्रतिशतमा |
|---|---|
| १ - ३ वर्ष | ३ |
| ३- ६ वर्ष | ८ |
| ६- ९ वर्ष | १२ |
| ९- १२ वर्ष | १५ |
| १२- १५ वर्ष | २० |
| १५- १८ वर्ष | २५ |
| १८- २१ बर्ष | ३० |
| २१- २४ वर्ष | ३५ |
| २४- २७ वर्ष | ४० |
| २७- ३० वर्ष | ४५ |
| ३०- ३३ वर्ष | ५० |
| ३३- ३६ वर्ष | ५५ |
| ३६- ४० वर्ष | ६० |
| ४०- ४३ वर्ष | ६५ |
| ४३- ४६ वर्ष | ७० |
| ४६ भन्दा माथि | ७५ |

घ्याङलेख गाउँपालिका

## अनुसूची - २
## भूमिकर (मालपोत)

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| **पाखो (भीठ) तर्फ** | | **प्रति रोपनी** | **प्रति कठ्ठा** |
| १ | अब्बल | २५ | १५ |
| २ | दोयम | २० | ११ |
| ३ | सिम | ११ | ७ |
| ४ | चाहार | ११ | ५ |
| **खेत्त (धनहर) तर्फ** | | **प्रति रोपनी** | **प्रति कठ्ठा** |
| १ | अब्बल | २७ | २० |
| २ | दोयम | २४ | १६ |
| ३ | सिम | १८ | ११ |
| ४ | चाहार | ११ | ७ |

## अनुसूची - ३
## घर जग्गा बहाल कर

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा | वहाल रकमको १० प्रतिशत |
| २ | हल भाडा प्रति दिन वा प्रति कार्यक्रम (गाउँपालिका तथा वडा कार्यालय) | रू.१०००।०० |
| ३ | गाउँपालिका भित्रको ऐलानी जग्गामा कुनै व्यक्ति/संस्थालाई व्यापार गर्ने प्रयोजनका लागि अस्थायी रुपमा उपलब्ध गराउदाँ प्रति वर्ग फुट | १५।०० |

## अनुसूची -४
## व्यवसाय कर

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| **१** | **खाद्य किराना** | |
| १.१ | बजार क्षेत्रका थोक तथा खुद्रा दुवै बिक्रेताको लागि | २५००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| १.२ | साना किनारा तथा घुम्ती पसल | १२००।०० |
| **२** | **मासु बिक्रेता** | |
| २.१ | माछा वा मासु  मध्ये कुनै एकमात्र वेचविखन गर्ने बिक्रेताको लागि | १०००।०० |
| २.२ | माछा वा मासु  दुवै वेचविखन गर्ने बिक्रेताको लागि | १५००।०० |
| **३** | **सुनचादि तथा गरगहना** | |
| ३.१ | सुनचाँदी तथा गहनाहरुको खरिद बिक्री गर्ने (सोरुम सजावट भएकालाई) बिक्रेताको लागि | ३०००।०० |
| ३.२ | सुनचाँदी तथा गहनाहरुकोल खरिद बिक्री गर्ने (सोरुम सजावट नभएकालाई) बिक्रेताको लागि | २०००।०० |
| ३.३ | ज्याला मात्र लिई सुनचाँदी तथा गहनाहरुको सम्बन्धी काम गर्ने (ज्यासल) को लागि | १२००।०० |
| ३.४ | नक्कली सुन जस्तो देखिने गहना पसल | १२००।०० |
| **४** | **श्रृँगारका, खेलौना तथा उपहार (गिफ्ट) सामानहरु** | |
| ४.१ | थोक सहित खुद्र बिक्रेताको लागि | २०००।०० |
| ४.२ | खुद्रा बिक्रेताको लागि | १२००।०० |
| ४.३ | खेलौना तथा गिफ्ट बिक्रेता | २००।०० |
| **५** | **निर्माण सामग्री, हाईवेयर (स्यानिटरी, सिसा, प्लाई, ग्रील, गीटि, ढुङ्गा, बालुवा, इटा ईत्यादि)** | |
| ५.१ | थोक बिक्रेताको लागि | ५०००।०० |
| ५.२ | खुद्रा बिक्रेताको लागि | २५००।०० |
| ५.३ | थप एक प्रति गोदाम | ३००।०० |
| **६** | **मेशिनरी तथा सवारी साधन र सो सम्बन्धी पार्टस** | |
| ६.१ | मेशिनरी तथा सवारी साधन दुवै सो सम्बन्धी पार्टस बिक्रेता तथा सर्भिसि सेन्टर | २५००।०० |
| ६.२ | लेथ मेशीन र सवारी साधन सर्भिस | १२००।०० |
| **७** | **पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री** | |
| ७.१ | ठुलो स्टोर (थोक सहित खुद्र) | २५००।०० |
| ७.२ | सानो स्टोर (खुद्रा मात्र) | १२००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ८ | **फार्मेसी, औषधि तथा आयुर्बेदिक पसल** | |
| ८.१ | थोक तथा खुद्रा बिक्री सहित क्लिनिक भएकाहरुको लागि | ३०००।०० |
| ८.२ | खुद्रा बिक्रि क्लीनिक नभएकाहरुको लागि (ग्रामिण आयूर्वेद समेत) | १२००।०० |
| ८.३ | चस्मा (अप्टीकल सेवा) मर्मत तथा बिक्रि गर्ने बिक्रेताहरुको लागि | १२००।०० |
| ९ | **कृषिजन्य औषधि, बिउ बिजन तथा मलखाद** | |
| ९.१ | कृषि तथा भेटनरी औषधी सहित मलखाद र बिउ बिजन समेत बिक्रेताको लागि | २५००।०० |
| ९.२ | कृषि तथा भेटनरी औषधी तथा बिउ बिजन बिक्रेताको लागि | १५००।०० |
| ९.३ | कृषि तथा भेटनरी औषधी तथा मलखाद बिक्रेताको लागि | १५००।०० |
| ९.४ | कृषि तथा भेटनरी औषधी मात्र बिक्रेताको लागि | १२००।०० |
| १० | **कपडा तथा फेन्सी सम्बन्धी** | |
| १०.१ | तयारी तथा थान कपडा विक्रेताहरुको लागि | २०००।०० |
| १०.२ | सिलाई सम्बन्ध सामाग्री (टांक, धागो लगाएत अन्य) सामान विक्रेताहरुको लागि | १२००।०० |
| ११ | **जुत्ता तथा चप्पल सम्बन्धी** | |
| ११.१ | जुत्ता चप्पल बिक्रेताहरुको लागि | २०००।०० |
| १२ | **भाडा पसलहरु** | |
| १२.१ | तामा, पित्तल, स्टिल तथा अल्मुनियमका भाडा बिक्रेताको लागि | २०००।०० |
| १२.२ | प्लास्टिक जन्य भाडा बिक्रेताको लागि | १५००।०० |
| १३ | **ईलेक्टीक एण्ड ईलेक्टोनिक्स बिक्रेताको लागि** | |
| १३.१ | ईलेक्टीक एण्ड ईलेक्टोनिक्स सम्बन्धी सामान बिक्रेताको लागि | २०००।०० |
| १३.२ | ईलेक्टोनिक्स सम्बन्धी सामान बिक्रेताहरुको लागि | १२००।०० |
| १३.३ | कम्प्युटर एवं पार्टस सम्बन्धी बिक्रेताको लागि | २०००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| १३.४ | घडी रेडियो तथा भिडियो सि.डि बिक्रेताको लागि | १२००।०० |
| १३.५ | मोवाईल एवं पार्टस बिक्रेताहरुको लागि (टि.भि., मोबाइल मर्मत समेत) | १२००।०० |
| **१४** | **फर्निचर सम्बन्धी** | |
| १४.१ | काठ, स्टिल, प्लास्टिक सामान सहित कार्पेट समेत बिक्री गर्ने बिक्रेताको लागि | ३०००।०० |
| **१५** | **मदिरा तथा सुर्तिजन्य सामान बिक्रेताको लागि** | |
| ५१.१ | मदिराको थोक बिक्रेताको लागि | ३०००।०० |
| १५.२ | मदिराको खुद्रा बिक्रेताको लागि | २०००।०० |
| **१६** | **तरकारी तथा फलफुल** | |
| १६.१ | तरकारीका थोक बिक्रेताका लागि | २५००।०० |
| १६.२ | तरकारीका खुद्रा बिक्रेताका लागि | १२००।०० |
| १६.३ | फलफूलको थोक बिक्रेताका लागि | २५००।०० |
| १६.४ | फलफूलका खुद्रा बिक्रेताका लागि | १२००।०० |
| **१७** | **हस्तकलाका सामानहरु बिक्री गर्नेलाई** | |
| १७.१ | स्थानिय कच्चा पदार्थबाट उत्पादन गरि सामानहरु बिक्री गर्नेलाई | ५००।०० |
| १७.२ | सामान आयात गरि बिक्री गर्नेहरुलाई | १२००।०० |
| १७.३ | आर्टस तथा पेन्ट कार्य | १२००।०० |
| **१८** | **पेट्रोलिय पदार्थ ग्यास बिक्रेता** | |
| १८.१ | पेट्रोल वा डिजेल बिक्रेताको लागि | ३०००।०० |
| १८.२ | ग्यास डिलरहरुको लागि | २०००।०० |
| | **बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| **१९** | **चिकित्सक** | |
| १९.१ | व्यवसायिक रुपमा चिकित्सक सेवा प्रदान गर्नेहरुका लागि (दन्त सेवा समेत) | २५००।०० |
| १९.२ | व्यवसायिक रुपमा कबिराज सेवा प्रदान गर्नेहरुका लीग | १५००।०० |
| **२०** | **इन्जिनियर** | |
| २०.१ | इन्जिनियर कन्सल्टेण्ट दर्ता गरि सेवा प्रदान गर्नेहरुका लागि | ३०००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| **२१** | **कानून व्यवसायी** | |
| २१.१ | ब. अधिवक्ता | २०००।०० |
| २१.२ | अधिबक्ताहरुलाई | १०००।०० |
| २१.३ | लेखापढी | ६००।०० |
| **२२** | **अनुसन्धान कर्ता तथा परामर्शदाता** | |
| २२.१ | बैदेशिक रोजगार परामर्शदाता | २०००।०० |
| २२.२ | बैदेशिक अध्ययन परामर्शदाता | २०००।०० |
| २२.३ | तालिम तथा अनुसन्धान केन्द्रहरु | २०००।०० |
| **२३** | **कम्प्युटर एनालिष्ट तथा प्रेगामर** | |
| २३.१ | कम्प्युटर एनालिष्ट तथा प्रेगामर | २०००।०० |
| २३.२ | बिमा कम्पनी | २०००।०० |
| **२४** | **पशु चिकित्सक** | |
| २४.१ | पशु चिकित्सक तथा सहायक (निजि व्यवसायि) | १२००।०० |
| **२५** | **निर्माण व्यवसाय :- गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा वा अन्यत्रबाट निर्माणको लागि गाउँपालिकामा आएको** | |
| २५.१ | क. बर्गको लागि | ५०००।०० |
| २५.२ | ख. वर्गको लागि | ४०००।०० |
| २५.३ | ग. वर्गको लागि | ३०००।०० |
| २५.४ | घ. वर्गको लागि | २०००।०० |
| **२६** | **खाद्य तथा पेय सम्बन्धी** | |
| २६.१ | दुग्ध तथा दुग्धजन्य सामग्री उत्पादन गर्ने उद्योगहरु | १५००।०० |
| २६.२ | चामल, चिउरा, तेल तथा दाल मिल उद्योगहरु | २०००।०० |
| २६.३ | अन्यत्रबाट आएका धान काट्ने थेसर (प्रति सिजन) | १०००।०० |
| **२७** | **साना तथा घरलु उद्योगहरु** | |
| २७.१ | धुप, अबिर, मैनबत्ती, सावुन, टपरी, फाइवर व्याक, सुधारिएको चुलो, घरेलु उद्योग | १२००।०० |
| २७.२ | हस्तकला उद्योगहरु | १२००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| **२८** | **निर्माण सामाग्री उद्योगहरु** | |
| २८.१ | गिट्टी, बालुवा लगाएतका उद्योगहरु | ३०००।०० |
| २८.२ | ब्लक उत्पादन उद्योगहरु | २०००।०० |
| २८.३ | फलामे औजार उत्पादन गर्ने उद्योगहरु | २०००।०० |
| २८.४ | अन्य माथी उल्लेख नभएकोहरुका लागि | १२००।०० |
| **२९** | **व्यवसायिक कृषि फर्महरु** | |
| २९.१ | ग्रामिण कुखुरा पालन गर्नेहरुको लागि (५०० सम्म) | २००।०० |
| २९.२ | २००० सम्म कुखुरा पालन गर्नेहरुको लागि | ५००।०० |
| २९.३ | २००० भन्दा बढी कुखुरा पालन गर्नेहरुको लागि | १०००।०० |
| २९.४ | माछा पालन | २००।०० |
| २९.५ | बंगुर तथा रागो पालन गर्ने व्यबसायिकहरुलाई | ३००।०० |
| २९.६ | गाई, भैसी तथा बाख्रा पालन गर्ने व्यवसायिहरुलाई | ३००।०० |
| २९.७ | कृषि फर्म दर्ता गरि संचालन गर्नेहरुलाई | १०००।०० |
| **३०** | **व्यवसायिक नर्सरी** | |
| ३०.१ | व्यवसायीक नर्सरी गर्नेहरुलाई | ५००।०० |
| ३०.२ | फूल तथा बिरुवा सम्बन्धी | ५००।०० |
| **३१** | **पर्यटन उद्योग** | |
| ३१.१ | होटल सहित लज सेवा भएकाहरुको लागि | २०००।०० |
| **३२** | **खाना तथा खाजा होटलहरु** | |
| ३२.१ | मदीरा सहितका नास्ता होटलहरु | २०००।०० |
| ३२.२ | चिया, नास्ता तथा खाना होटलहरु | १५००।०० |
| ३२.३ | पार्टि प्यालेस तथा क्याटरीङ | २०००।०० |
| **३३** | **निजि संचार सेवा प्रदायक संस्थाहरु** | |
| ३३.१ | निजि क्षेत्रका ईन्टरनेट प्रदायक संस्थाहरु | २५००।०० |
| ३३.२ | एफ.एम. रेडियो | १५००।०० |
| ३३.३ | पत्र पत्रिका | १००।०० |
| ३३.४ | नीजि टेलिफोन प्रदायक संस्थाहरु | २०००।०० |
| **३४** | **वित्तिय सेवा** | |
| ३४.१ | सहकारी संस्थाहरु | १२००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ३४.२ | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ५०००।०० |
| ३४.३ | लघुवित्त प्रति शाखा कार्यालय | ५०००।०० |
| **३५** | **नीजि कम्पनी तथा गुठी क्षेत्रका शिक्षालयहरु** | |
| ३५.१ | आधारभुत तह | १५००।०० |
| ३५.२ | माध्यामिक तह | २०००।०० |
| ३५.३ | प्राबिधिक शिक्षालय | ३०००।०० |
| ३५.४ | टयुसन तथा कोचिङ सेन्टरहरु | २५००।०० |
| **३६** | **ब्युटि पार्लर तथा हजाम सेवा** | |
| ३६.१ | श्रृंगारको सामान सहित व्युटि पार्लर गर्नेहरुलाई | २०००।०० |
| ३६.२ | व्यूटि पार्लरमात्र गर्ने व्यवसायिहरुलाई | १२००।०० |
| ३६.३ | सैलुनहरुलाई | १२००।०० |
| **३७** | **फोटो स्टुडियो** | |
| ३७.१ | डिजिटल कलर ल्याब भएकाहरुलाई | १२००।०० |
| ३७.२ | फोटो, भिडियो मिक्सिङ गर्ने, सि.डि. तयार गर्ने | १२००।०० |
| **३८** | **सिलाई बुनाई तथा अन्य** | |
| ३८.१ | सिलाई बुनाई तथा कटाई समेत गनेहरुलाई | १२००।०० |
| ३८.२ | टेण्ट सेवा | १२००।०० |
| ३८.३ | केबल नेटवर्कि व्यवसाय | १२००।०० |
| ३८.४ | कवाडी सामान व्यवसाय (संकलन) | १२००।०० |
| ३८.५ | साउण्ड सिस्टम, ईलेक्टीक वा ईलोक्टोनिक्स सामान भाडामा दिने व्यवसायलाई | १२००।०० |
| ३८.६ | स-मिल समेतको फर्निचर उद्योग | २०००।०० |
| ३८.७ | चिरानी मात्र गर्ने | १२००।०० |
| **३९** | **नीजि स्वास्थ्य सेवा** | |
| ३९.१ | गैह्र सरकारी अस्पताल (सम्पूर्ण सेवा प्रदान गर्ने) | ३०००।०० |
| ३९.२ | क्लिनिक तथा ल्याव | २०००।०० |
| ३९.३ | दन्त क्लिनिकि | १०००।०० |
| ३९.४ | अल्ट्रासाउन्ट एक्सरे | १५००।०० |
| ३९.५ | सादा एक्सरे | १०००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| **४०** | **शिक्षा सेवा (निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्वविद्यालय)** | |
| ४०.१ | आधारभूत स्तरका विद्यालय | १०००।०० |
| ४०.२ | माध्यामिक स्तरका विद्यालय | १५००।०० |
| ४०.३ | क्याम्पस स्तरका विद्यालय | २०००।०० |
| **४१** | **वर्क्ससप/ग्यारेजहरु** | |
| ४१.१ | साइकल वर्क्ससप | ५००।०० |
| ४१.२ | मोटरसाइकल वर्क्ससप | १०००।०० |
| ४१.३ | गाडीहरुको वर्क्ससप | २०००।०० |
| **४२** | **डेरी उद्योग** | |
| ४२.१ | डेरी उद्योग तथा विक्रि पसल | २०००।०० |
| ४२.२ | डेरी विक्रि पसल | १०००।०० |
| **४४** | **बैंक कर** | |
| ४४.१ | क वर्ग | १५०००।०० |
| ४४.२ | ख वर्ग | १२०००।०० |
| ४४.३ | ग वर्ग | ९०००।०० |
| ४४.४ | घ वर्ग | ८०००।०० |
| ४५ | कुटन पिसन तथा तेल मिल | २०००।०० |
| ४६ | हाते औजार वर्कसप | १५००।०० |
| ४७ | पानी घट्टा व्यवसाय सञ्चालन गर्नेका लागि | १०००।०० |
| ४८ | जडिबुटि व्यवसाय फर्म/पसल | २०००।०० |
| ४९ | तेल मिल संचालन गर्नको लागि | १५००।०० |

## अनुसुची - ५
## जडीवुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं. | विवरण | दर रू |
|---|---|---|
| १ | जडिबुटि (टिमुर, पखानेवेद, जेठिमधु, तेजपत्ता, काउलो, जटामसि, कुरीलो, धसिङगरे, चिराइतो, अन्य) प्रति के.जि. | १०।०० |

| क.सं. | विवरण | दर रू |
|---|---|---|
| २ | कवाडी माल प्रति के.जि. | १।५० |
| **३** | **जिवजन्तु** | |
| क | हाड, सिङ प्रति के.जि. | १०।०० |
| ख | छाला प्रतिगोटा | ५०।०० |
| ग | खसी बोका निकासी प्रति गोटा | ५०।०० |
| घ | राँगा, भैसि, गाई, सुँगुर प्रति गोटा | १००।०० |
| ङ | कुखुरा निकासी प्रति गोटा | २०।०० |
| **४** | **तरकारी तथा अन्य निकासी** | |
| क | तरकारी र फलफूल प्रति के.जी. | ५।०० |
| ख | अमृसो कुच्चो प्रति के.जी. | ५।०० |
| ग | बास प्रति ट्रक (हेवि) | २०००।०० |
| घ | बास प्रति ट्रक (मिनी) | १५००।०० |
| ङ | बुद्धचित्त मालाको निकासी कर | बिक्री मूल्यको १०% |

## अनुसुची - ६
## सवारी साधन कर
**प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।**

## अनुसुची - ७
## विज्ञापन कर

| क.सं. | विवरण | दर रू. |
|---|---|---|
| १ | होर्डिङ बोर्ड सार्वजनिक स्थानहरुमा प्रति वर्गफुट | २००।०० |
| २ | होर्डिङ बोर्ड ल्फेक्स बोर्ड नीजि स्थानहरुमा प्रति वर्गफुट | ४०।०० |
| ३ | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता, सटर वा पर्खालमा लेखिएकोमा वार्षिक प्रति वर्गफुट | ४००।०० |
| ४ | विद्युत, टेलिफोन पोलमा प्रति वर्गफुट | ५०।०० |
| ५ | कपडाको तुल र फ्रेम नगरिएको फ्लेक्स व्यानर प्रति थान प्रति हप्ता | २००।०० |

| | | |
|---|---|---|
| ६ | व्यवसाय प्रबर्द्धनको लागि प्रति व्यवसायी प्रति पसल ५ वर्ग फुट सम्मको १ थान बोर्ड निःशुल्क सो भन्दा बढि गा.पा.को स्वीकृतीमा प्रति एक थान माथिको दररेटमा | |
| **परिचय पार्टी वाहेक विज्ञापन सामग्री राख्न गाउँपालिकाले तोकेको स्थानमा मात्र राजश्व शाखाबाट स्वीकृती दिइने छ ।** | | |

## अनुसुची - ९
## बहाल विटौरी कर
## मुख्य हाट बजारमा लगाईने कर

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| १ | किराना पसल, ब्लक, छाप्रो, प्रति छाप्रो | ४०।०० |
| २ | कपडा पसल प्रति पसल | ४०।०० |
| ३ | जुत्ता चप्पल प्रति पसल | ४०।०० |
| ४ | रेडिमेड कपडा प्रति पसल | ४०।०० |
| ५ | मसला तेल प्रति पसल | ४०।०० |
| ६ | चामल, चिउरा प्रति पसल | ४०।०० |
| ७ | तरकारी, ढकी तथा छिटि २ भन्दा माथि प्रति पसल | २५।०० |
| ८ | आलु प्याज प्रति पसल | ४०।०० |
| ९ | खुर्सानी अदुवा प्रति पसल | ३०।०० |
| १० | आलु, हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति ट्याक्टर | २००।०० |
| ११ | सिलाई दोकान प्रति पसल | १०।०० |
| १२ | प्रति होटल | ४०।०० |
| १३ | कठघेरा भएको जुनसुकै प्रति पसल | ४०।०० |
| १४ | प्रचुन प्रति पसल | ३०।०० |
| १५ | वोका, खसि काटमार प्रति गोटा | २५।०० |
| १६ | कुखुरा किन्ने र विक्री गर्ने संग प्रति गोटा दुवै तर्फवाट रु १० | १०।०० |
| १७ | परेवा जोडी विक्री गर्ने र खरिद गर्ने दुवै तर्फवाट ५।५ | १०।०० |
| १८ | सुंगुर/वंगुर काटमार प्रति गोटा | २००।०० |
| १९ | ठुलो रांगा काटमार प्रति गोटा | १०००।०० |
| २० | सानो राँगा काटमार प्रति गोटा | ७००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| २१ | माछा प्रति पसल | १००।०० |
| २२ | फलामको कृषिजन्य हतियार पसल | ४०।०० |
| २३ | छाप्रोमा माछा मासु नास्ता प्रति पसल | ४०।०० |
| २४ | चुरा प्रति पसल | ३०।०० |
| २५ | सिद्रा सुकेको माछा प्रति पसल | ५०।०० |
| २६ | डोको नाम्लो कुचो प्रति पसल | ४०।०० |
| २७ | चटपटे पसल राख्ने प्रति पसल | ३५।०० |
| २८ | माटोको भाडां प्रति पसल | २५।०० |
| २९ | हजाम भूइमा वस्ने प्रति पसल | १५।०० |
| ३० | होटल प्रति पसल | ४०।०० |
| ३१ | मिठा प्रति पसल | ४०।०० |
| ३२ | घुंगी प्रति पसल | २०।०० |
| ३३ | जादु खेल खेलाउने | ५०।०० |
| ३४ | जुत्ता चप्पल सिलाउने प्रति पसल | २०।०० |
| ३५ | घडी टर्च लाईट विक्रि गर्ने प्रति पसल | ३०।०० |
| ३६ | ठेलामा आईसक्रिम, चिया नास्ता, फलफुल, चना चटपटे वेच्ने प्रति पसल | ३०।०० |
| ३७ | साँध लगाउने प्रति पसल | २०।०० |
| ३८ | सुन चाँदी प्रति पसल | ४०।०० |
| ३९ | तामा, कागती, निवुवा प्रति पसल | १५।०० |
| ४० | फोटो फ्रेम प्रति पसल | ३०।०० |
| ४१ | रंग, अविर तथा माला प्रति पसल | ३०।०० |
| ४२ | भांडा वर्तन प्रति पसल | ३०।०० |
| ४३ | धोवि प्रति पसल | ३०।०० |
| ४४ | सुर्ति प्रति पसल | २०।०० |
| ४५ | विउ विजन प्रति पसल | २५।०० |
| ४६ | खसी/वोका/बाखा/पाठापाठी/ खरिद विक्रि गर्ने संग प्रति गोटा रु. १५।०० गरी दुवैको | ३०।०० |
| ४७ | कवाडी मालसामान प्रति ट्रक | २०००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ४८ | फलफुल तथा तरकारी प्रति भांगा (५० के.जी.भन्दा माथिको) | ५०।०० |
| ४९ | फलफुल तथा तरकारी प्रति क्यारेट/झोला/डोका (५० के.जी.भन्दा मुनिको) | १०।०० |
| ५० | कस्मेटिक पसल | २०।०० |

## अनुसुची - १०
## पार्किङ शुल्क

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| १ | ठूला सवारी साधन (बस, ट्रक, आदि) प्रति घण्टा | २०।०० |
| २ | साना सवारी साधन (जीप, कार, भ्यान) प्रति घण्टा | १०।०० |
| ३ | मोटरसाइकल, स्कुटर प्रति घण्टा | ५।०० |
| **५ मिनेट भन्दा कम समयको पार्किङ शुल्क लाग्ने छैन।** | | |

## अनुसुची - ११
## ट्रेकिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर शुल्क
## घ्याङलेख गाउँ कार्यपालिकाको निर्णय अनुसार

## अनुसुची - १२
## सेवा शुल्क, दस्तुर

| क्र.सं. | विवरण | दर रू. |
|---|---|---|
| **१** | **जग्गा नामसारी सिफारिस** | |
| क | पैत्रृक जग्गा हकवालालाई नामसारी गर्दा | २००।०० |
| ख | अपुताली परी हकवाला सिफारिस गर्दा | ५००।०० |
| **२** | **घर बाटो सिफारिस (घर, गोठ, बाटो भए नभएको)** | |
| क | बाटो भएको | ३००।०० |
| ख | बाटो नभएको जग्गा सिफारिस | २००।०० |
| ग | ढलान गरेको घर कायम रहेको सिफारिस | ३००।०० |
| घ | ईटा सिमेन्ट जस्ता छाना घर रहेको सिफारिस | १००।०० |

| क्र.सं. | विवरण | दर रू. |
|---|---|---|
| ङ | कच्ची घर कायम रहेको सिफारिस | २५।०० |
| च | चौहद्धि (चार किल्ला) प्रमाणित प्रती कित्ता | २००।०० |
| **३** | **अन्य व्यक्तिगत प्रमाणित तथा सिफारिस** | |
| क | नागरिकता नयाँ तथा प्रतिलिपि सिफारिस | २००।०० |
| ख | जन्ममिति प्रमाणित | २००।०० |
| ग | विवाह मिति प्रमाणित | २००।०० |
| घ | चारित्रिक प्रमाणित | २००।०० |
| ङ | स्थायी बसोबास प्रमाणित | २००।०० |
| च | नामथर, जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस दस्तुर | २००।०० |
| छ | अविवाहित प्रमाणित सिफारिस | २००।०० |
| ज | कोष प्रमाणित | २००।०० |
| झ | व्यक्तिगत सर्जिमन मुचुल्का दस्तुर (घटना दर्ता सम्बन्धी) | २००।०० |
| ञ | जनजाति, दलित, पिछडिएका वर्ग, मधेसी, अदालती तारिख, आदि प्रमाणित सिफारिस | २००।०० |
| ट | अंगिकृत नागरिकता सिफारिस | ५००।०० |
| ठ | नाबालक सिफारिस | २००।०० |
| ड | नामसारी तथा दर्ता सिफारिस | २००।०० |
| ढ | नाता सम्बन्ध प्रमाणित | २००।०० |
| ण | अंग्रेजी भाषाबाट दिनुपर्दा प्रति प्रमाणित सिफारिस (अंग्रेजी भाषाबाट दिइने छात्र वृत्ति समेत) वापत थप लाग्ने दस्तुर | ५००।०० |
| **४** | **व्यक्तिगत घटना दर्ता दस्तुर** | |
| क | घटना दर्ता जरिवाना (३५ दिन भन्दा पछीको घट्ना दर्ता) | २००।०० |
| ख | व्यक्तिगत घटना दर्ताको प्रतिलिपि | ५००।०० |
| ग | व्यक्तिगत घटना दर्ता-बसाइसराई | २००।०० |
| घ | व्यक्तिगत घटना दर्ता-विवाह | २००।०० |
| ङ | व्यक्तिगत घटना दर्ता-सम्वन्ध विच्छेद | २००।०० |
| च | व्यक्तिगत घटना दर्ता-मृत्यु | २००।०० |

| क्र.सं. | विवरण | दर रू. |
|---|---|---|
| ५ | **अन्य सिफारिसमा** | |
| क | योजना सम्वन्धी सिफारिसहरु | २००।०० |
| ख | सहकारी संस्थालाई रासायनिक मल सिफारिस | ५००।०० |
| ग | गाउँपालिका भित्र उत्पादन भएका सामानहरुको निकासी सिफारिस | १५००।०० |
| घ | धारा तथा विद्युत सिफारिस | २००।०० |
| ङ | अन्य सिफारिसमा | २००।०० |
| च | जडिबुटि निकासी सिफारिस | ५००।०० |
| छ | श्रम स्वीकृत दस्तुर | ३००।०० |
| ६ | **आम्दानी प्रमाणित** | |
| क | सम्पत्ती मूल्यांकन (० देखी २५ लाख सम्म) | १०००।०० |
| ख | सम्पत्ती मूल्यांकन (० देखी ५० लाख सम्म) | २०००।०० |
| ग | सम्पत्ती मूल्यांकन (० देखी १ करोड सम्म) | २५००।०० |
| घ | सम्पत्ती मूल्यांकन (१ करोड माथी) | ३०००।०० |
| ७ | **स्थानीय चलन चल्तीको मूल्य प्रमाणित** | |
| क | ० देखी २५ लाख सम्म | १०००।०० |
| ख | ० देखी ५० लाख सम्म | २०००।०० |
| ग | ० देखी १ करोड सम्म | २५००।०० |
| घ | १ करोड माथी | ३०००।०० |
| ८ | **व्यवसाय दर्ता तथा उद्योग दर्ता सिफारिस** | |
| क | पेट्रोल, डिजेल, मट्टीतेल पम्पको लागि | ५०००।०० |
| ख | फर्निचर उद्योग दर्ता सिफारिस | ६००।०० |
| ग | सर्जमिन मुचुल्का दस्तुर | ६००।०० |
| घ | घरेलुमा दर्ता भै प्रा.लि.को सिफारिसका लागि सर्जमिन समेत | २०००।०० |
| ङ | नीजि विद्यालय अपग्रेडिङ सिफारिस | १५००।०० |
| च | गाउँपालिका, घरेलु र अन्य कार्यालयको लागि व्यवसाय दर्ता तथा खारेजी सिफारिस | ५००।०० |
| छ | उद्योग ठाउँसारी सिफारिस | ६००।०० |

| क्र.सं. | विवरण | | | | दर रू. |
|---|---|---|---|---|---|
| ९ | **काठको सिफारिस दिदा** | | | | |
| क | जर्ना प्रति चट्टा (सालको) | | | | १०००।०० |
| ख | जर्ना प्रति चट्टा (अन्य कु काठको) | | | | ५००।०० |
| ग | न्युनतम रु. ५०० मा नघट्ने गरी घरसारको काठ सिफारिस दिदा प्रति क्यूविक फिटमा | | | | २।०० |
| १० | सामुदायिक बनबाट काठ सिफारिस दस्तुर | | | | |
| | **काठको ग्रेड (सालको)** | **दर** | **काठको ग्रेड (अन्य)** | **दर** | |
| क | ए ग्रेड | १०० | अस्ना | ३० | |
| ख | बि ग्रेड | ७५ | चाप तथा सिसौ | ३० | |
| ग | सि ग्रेड | ५० | अन्य | १० | |
| | **काठको चिरानी अनुमती दिदा** | | | | |
| | **काठको ग्रेड (सालको)** | **दर** | **काठको ग्रेड (अन्य)** | **दर** | |
| क | ए ग्रेड | ११२ | अस्ना | ४० | |
| ख | बि ग्रेड | १०० | चाप तथा सिसौ | ३० | |
| ग | सि ग्रेड | ८० | अन्य | २० | |
| ११ | **गैह्र नाफामुलक संघसंस्था सिफारिस** | | | | |
| क | गैह्र नाफामुलक सामाजिक संघसंस्था दर्ता सिफारिसमा | | | | १०००।०० |
| ख | गैह्र नाफामुलक सामाजिक संघसंस्था नविकरण सिफारिसमा | | | | १०००।०० |
| १२ | **व्यवसाय शुल्क** | | | | |
| क | व्यवसाय दर्ता शुल्क | | | | १०००।०० |
| ख | व्यवसाय नविकरण सिफारिस | | | | ५००।०० |
| ग | व्यवसाय सूचिकृत शुल्क (बैंक) | | | | २०००।०० |
| घ | व्यवसाय सूचिकृत शुल्क (वित्तिय संस्था) | | | | १५००।०० |
| ङ | व्यवसाय नामसारी दस्तुर | | | | ५००।०० |
| च | व्यवसाय नविकरण ० देखी १ लाख सम्मको स्थीर पुँजी भएको | | | | १००।०० |
| छ | व्यवसाय नविकरण ० लाख देखि २ लाख सम्मको स्थिर पूँजी भएको | | | | २००।०० |

| क्र.सं. | विवरण | दर रू. |
|---|---|---|
| ज | व्यवसाय नविकरण ० लाख देखि ३ लाख सम्मको स्थीर पूँजी भएको | ३००।०० |
| झ | व्यवसाय नविकरण ० लाख देखि ४ लाख सम्मको स्थीर पूँजी भएको | ४००।०० |
| ञ | व्यवसाय नविकरण ० लाख देखि ५ लाख सम्मको स्थीर पूँजी भएको | ५००।०० |
| ट | पानीको मुहान दर्ता शुल्क | १०००।०० |
| ठ | उपभोक्ता समिति दर्ता शुल्क | १०००।०० |
| ड | कृषक समुह दर्ता शुल्क | ५००।०० |
| ढ | महिला समुह दर्ता शुल्क | ५००।०० |
| ण | अन्य समुह दर्ता शुल्क | ५००।०० |
| त | सम्पुर्ण समुह नविकरण दस्तुर | ४००।०० |
| थ | टोल विकास संस्था दर्ता शुल्क | १०००।०० |
| द | टोल विकास संस्था नविकरण दस्तुर | ५००।०० |
| ध | सहकारी संस्था दर्ता शुल्क | २०००।०० |
| न | सहकारी संस्था नविकरण शुल्क | ५००।०० |
| प | सहकारी सूचिकृत | २०००।०० |
| **१३** | **घर नक्सा सिफारिस तथा अन्य दस्तुर** | |
| क | नक्सा फारम दस्तुर | ५००।०० |
| ख | प्रमाणपत्र प्रतिलिपि | ५००।०० |
| ग | आवास निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर | ५००।०० |
| घ | घर नक्साको प्रतिलिपि दस्तुर | १०।०० |
| ङ | कित्ता प्रमाणित दस्तुर | ४००।०० |
| च | गाउँपालिकाले जारी गरेको रसिदको प्रतिलिपि (प्रति गोडा) | ३०।०० |
| **१४** | **सूचिकृत दस्तुर** | |
| क | स्काभेटर सूचिकृत | २५०००।०० |
| ख | व्याक हु.लोडक सूचिकृत | १५०००।०० |
| ग | ट्याक्टर सूचिकृत दस्तुर | २०००।०० |
| घ | निसान गाडि सूचिकृत | ३०००।०० |

| क्र.सं. | विवरण | दर रू. |
|---|---|---|
| ङ | बालेरो | १५००।०० |
| च | टिफर | ५०००।०० |
| छ | ट्रक (ठूलो, सानो सबै) | ३०००।०० |
| ज | मालसामान आपुर्तिकता, वस्तु तथा सेवा प्रदायक, सेवा परामर्श दाता सूचिकृत | ५००।०० |
| झ | नाक्सा बनाउने कन्सलट्रेन्सी सूचिकृत | १५००।०० |
| ञ | लेखापरिक्षक सूचिकृत (सि.ए) | १५००।०० |
| ट | रजिस्टार्ड लेखापरिक्षक सूचिकृत | १०००।०० |
| **१५** | **जग्गा रेखाङ्कन दस्तुर** | |
| क | ० देखी १ रोपनी/कठ्ठा सम्म | १०००।०० |
| ख | ० देखी ५ रोपनी/कठ्ठा सम्म | २०००।०० |
| ग | ० देखी १० रोपनी/कठ्ठा सम्म | ३०००।०० |
| घ | ० देखी १५ रोपनी/कठ्ठा सम्म | ४०००।०० |
| ङ | १५ देखी माथी | ५०००।०० |
| **१६** | **न्यायीक दस्तुर** | |
| क | न्यायीक समिति निवेदन दस्तुर | १००।०० |
| ख | न्यायीक समिति प्रतिउत्तर दस्तुर | १००।०० |
| ग | न्यायीक समिति विवाद समाधान तथा अन्य प्रतिलिपि दस्तुर (प्रति पाना) | ५।०० |
| **१७** | **व्याक्होलोडर भाडा** | |
| क | व्याक्होलोडर भाडा तेल बाहेक | १२००।०० |
| ख | व्याक्होलोडर भाडा तेल सहित | २५००।०० |
| **१८** | **निशुल्क दिईने सिफारिस तथा सेवाहरु** | |
| क | ३५ दिनभित्रको घटना दर्ता(जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र वसाइसराई) | निशुल्क |
| ख | विपद, प्रकोप पिडित सिफारिस | निशुल्क |
| ग | स्वास्थ्य उपचारका लागि सिफारिस | निशुल्क |
| घ | नेपाली भाषामा दिइने छात्रबृत्ति सिफारिस | निशुल्क |
| ङ | विपन्न, गरिव, जेहन्दार सिफारिस | निशुल्क |

| क्र.सं. | विवरण | दर रू. |
|---|---|---|
| च | निवेदन दस्तुर | निशुल्क |
| छ | अपाङ्गता सिफारिस | निशुल्क |

## अनुसूची - १३
## पटके जरिवाना

| क्र.स. | सामानको विवरण | जरिवाना रु. |
|---|---|---|
| १ | स्वीकृत नलिइ विज्ञापन (डिजिटल बोर्ड, अन्य विज्ञापन बोर्ड, बेलुन आदि) गरेमा | ५०००।- |
| २ | कानूनले निषेधित गरेको वस्तु वा विषयमा विज्ञापन गरेमा | ५०००।- |
| ३ | सार्वजनिक स्थलमा जथाभावी फोहोर फालेमा | ५००।- |
| ४ | गाउँपालिकामा दर्ता नगरी व्यापार व्यवसाय दर्ता गर्नेलाई | १०००।- |
| ५ | मिति गुज्रिएका सामान विक्री वितरण गर्ने सबै प्रकारका व्यवसायीलाई | ३०००।- पहिलो पटक |
| ६ | स्वीकृत वेगर ड्रोन मार्फत फोटो, भिडियो लिएमा | ५०००।- |

## अनुसूची - १४
## कर छुट तथा जरिवाना

| क्र.स. | विवरण | छुट/जरिवाना रकम | कैफियत |
|---|---|---|---|
| १ | सम्पति कर वक्यौता बाँकी रहेमा प्रतेक वर्ष | २०% | जरिवाना |
| २ | भुमिकर माल्पोत वक्यौता बाँकी रहेमा प्रत्यक वर्ष | २०% | जरिवाना |
| ३ | वार्षिक रुपमा व्यवसाय कर नतिरि वक्यौता बाँकी रहेमा प्रतेक वर्ष | ३०% | जरिवाना |
| ४ | महिलाको नाममा व्यवसाय दर्ता गर्दा दर्ता दस्तुरमा | २५% | छुट |

घ्याङलेख गाउँपालिका

# अनुसुची - १५

## घर नक्सा पास दस्तुर
## पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि

| सि. नं | भवनको प्रकार | वेसमेन्ट तल्ला | भूईतल्ला (प्रति वर्ग फिट रु.) | पहिलो तल्ला (प्रति वर्ग फिट रु.) | दोस्रो तल्ला (प्रति वर्ग फिट रु.) | तेस्रो तल्ला र सो भन्दा माथि (प्रति वर्ग फिट रु.) |
|---|---|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | १।७५ | २।०० | ३।०० | ३।५० | ४।०० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो- आर.सि.सि.को छानो भएको) | - | १।०० | २।०० | ३।०० | - |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा व्लकको गारो-जस्ता वा टायलको छानो भएको) | - | ०।७५ | १।५० | - | - |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | - | ०।५० | १।०० | - | - |
| | **कम्पाउन्डवालको प्रकार** | | | **प्रति रनिङ फिट रु.** | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | | | २।०० | | |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | | | १।०० | | |
| ३ | तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ) | | | ५०।०० | | |

## नयाँ भवन एवं संरचना निर्माण प्रयोजनका लागि

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | शाखा सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा |
|---|---|---|---|---|
| **१** | **आर .सि.सि.पिल्लर भएको** | | | |
| १.१ | वेसमेन्ट तल्ला | ३।५० | ३।०० | २।०० |
| १.२ | भूईतल्ला | ४।५० | ४।०० | ३।०० |

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | शाखा सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा |
|---|---|---|---|---|
| १.३ | पहिलो तल्ला | ५।५० | ५।०० | ४।०० |
| १.४ | दोस्रो तल्ला | ६।५० | ६।०० | ५।०० |
| १.५ | तेस्रो तल्ला र सो भन्दा माथि | ७।५० | ७।०० | ६।०० |
| **२** | **ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो (आर. सि.सि.को छानो भएको)** | | | |
| २.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| २.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| २.३ | दोस्रो तल्ला | ४।०० | ३।५० | ३।०० |
| **३** | **सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा व्लकको गारो (जस्ता वा टायलको छानो भएको)** | | | |
| ३.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| ३.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| **४** | **पटाहाको घेराबेरा लगायतका कच्ची भवन** | | | |
| ४.१ | भूईतल्ला | १।०० | १।०० | १।०० |
| ४.२ | पहिलो तल्ला | १।५० | १।५० | १।५० |
| | **कम्पाउन्डवालको प्रकार** | | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | ३।०० | ३।०० | ३।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० | १।०० | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल (एकमुष्ठ) | ५०।०० | ५०।०० | ५०।०० |
| **अभिलेखीकरण प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा ४२ को उपदफा (घ) बमोजिम लागु हुनेछ।** | | | | |

१। पुर्व नक्सापास भएको प्रमाण पेश गरी मर्मत हुने क्षेत्रफल खुलाई मर्मत इजाजत माग भई आएमा हालको नक्सा पास दस्तुरको ५० प्रतिशत शूल्क लिई मर्मत सूधार इजाजत दिन सकिनेछ ।

२। स्वीकृत नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तुरको ५ प्रतिशत दस्तुर लिई पून: २ बर्षको लागि म्याद थप गरिनेछ ।

३। भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पूरा गरेको एकिन भएमा हाल नक्सा पास गर्न वा हेराफेर गर्न लाग्ने दस्तुरको तेव्बर लाग्नेछ।

४। मापदण्ड विपरित निर्माण भएका घरको घर नक्सा पास गरिने छैन तर मापदण्ड भित्र भएका भवनहरुको हकमा देहाय बमोजिम थप शुल्क लिई नक्सा पास गर्न सकिनेछ।

५। भवन निर्माण मापदण्ड २०७८ जारि भएपछि नक्सा पास प्रक्रियामा नरहेको तर एकै पटक नक्सा पेश गरी सम्पन्न प्रमाण पत्र लिन आएमा हालको नक्शा पास दस्तुरको ०.५० प्रतिशत र प्रथम चरणको निर्माण कार्यको स्वीकृत लिई एकै पटक सम्पन्न प्रमाण पत्र लिन आएमा ०.२५ प्रतिशत थप दस्तुर लिई नक्सा पास गर्न सकिनेछ।

६। गाउँपालिकाबाट निर्माण कार्य स्वीकृत लिएका तर तोकिएको समय भित्र सम्पन्न नलिएका भवनको नक्सा पास गर्दा थप ५० प्रतिशत र नक्सा फरक भई संशोधित नक्सा पेश गर्दा क्षेत्रफल बढी हुन आएमा थप क्षेत्रफलमा हालको नक्सा पास दस्तुरको १०० प्रतिशत थप शुल्क लिई नक्सा पास गर्न सकिने छ।

७। अब नयाँ दर्ता भई निर्माण हुने भवन नक्सा पास भई तल्ला थप गर्ने भवनमा सौर्य उर्जा प्रयोग गरिएको हुनु पर्नेछ।

८। पूर्व स्वीकृति लिई नक्सा पास भएको हकमा थप संरचनाको मात्र प्रचलित नियमानुसार गरिनेछ।

९। प्रत्येक आर्थिक वर्षको मसान्त सम्म नविकरण नगरेमा प्रत्येक वर्षमा तिर्नुपर्ने रकमको ३ प्रतिशत अर्को आर्थिक वर्षमा जरिवाना लाग्नेछ।

१०।यसमा छुटेका कर, दस्तुर र सेवा शुल्क गाउँपालिकाको राजश्व परामर्श समितिको सिफारिसमा अध्यक्षबाट निर्णय भए बमोजिम हुने छ।

## अनुसूची - १६
## कृषी तथा पशु स्वास्थ्य सेवा दस्तुर

| क्र.स. | विवरण | पशु | राजस्व रकम |
|---|---|---|---|
| १ | उपचार सेवा | गाईभैंसी | १० |
| | | भेडाबाखा | ५ |
| | | संगुर | १० |
| | | कुकुर, विरालो र खरायो | २० |
| | | कुखुरा, हाँस र अन्य पन्क्षी | ५ |
| | | अन्य जंगली जनाव | ३० |
| २ | बन्ध्याकरण सेवा | बोका | १० |

| क्र.स. | विवरण | पशु | राजस्व रकम |
|---|---|---|---|
| | | बहर | २० |
| | | वंगुर | ३० |
| | | कुकुर र विरालो (भाले) | ५० |
| | | कुकुर र विरालो (पोथी) | १०० |
| | | अन्य | ५० |
| ३ | खोप सेवा | एण्टिरेविज | ५० |
| | | एच.एुस.वि.क्यू. | १० |
| | | एफ.एम.डी | १० |
| | | रानीखेत | १ |
| | | गंम्बारो | १ |
| ४ | पोष्टमार्टम सेवा | कुखुरा, हाँस, टर्कि र बट्टाई | २० |
| | | खसि, बाख्रा  बंगुर | ५० |
| | | गाई भैंसी | १०० |
| | | अन्य जंगली जनावर | १०० |
| ५ | माईनर सर्जरी | सवै जनावरमा | ५० |
| ६ | मेजर सर्जरी | सवै जनावरमा | १५० |
| ७ | कृषी तथा पशु उपचारको औंषधी तथा विषादीको विक्रि मूल्यको | | २०% |

**प्रमाणीकरण मिति :- २०८२।०३।३२**

**आज्ञाले,**
**दाताराम प्याकुरेल**
**प्रमुख प्रशासकीय अधिकृत**